# सिंजा गाउँपालिका

## नराकोट,जुम्ला

### कर्णाली प्रदेश ,नेपाल

# बार्षिक निति तथा कार्यक्रम २०७७।०७८

# बार्षिक निति तथा कार्यक्रम २०७७।०७८

सिंजा गाउँपालिकाको छैटौं गाउँसभाका सभा अध्यक्ष ज्यू ,बिशेष अतिथि ज्यू , उपस्थित सम्पूर्ण अतिथिगण,गाउँसभाका सदस्यहरु,सम्पूर्ण कर्मचारीहरु तथा उपस्थित सम्पुर्ण बुवा ,आमा,दाजु,भाई,तथा दिदिबहिनि हरु ,

नेपालको संविधान २०७२ जारी भई उक्त संविधानले ब्यवस्था गरे वमोजिम देशमा संघीयता कर्यान्वयनमा आई लामो समयसम्म आम नेपाली जनताहरुले गरेको प्रतिक्षा तथा बिभिन्न समयमा जनताले गरेको संघर्ष वमोजिम संबिधान सभाको निर्वाचनभई जनताको प्रतिनिधिहरुले नै संविधान निर्माणगरी जारी भै स्थानिय तहकोनिर्वाचन २०७४ सम्पन्न भै स्थानिय स्तरमा पनि जनताले निर्वाचित गरेका जन प्रतिनिधहरु गाउँगाउँमा सिंहदरवार स्थापना गरिने नारा अनुसार जनताको साथमा प्रतिनिधिहरु क्रियाशिल भएको अवस्था छ । देशलाई यस स्थितिमा ल्याई पुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने महान शहिदहरु,जनआन्दोलनका घाईतेहरु ,द्वोन्दपिडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीय ब्यवस्था स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दाशुमन अर्पण गर्न चाहान्छौं ।साथै सिंजा गाउँपालिका वडा नं ३ का वडा सदस्य स्व.हरिकृष्ण रेग्मीको असामहिक निधन प्रति गहिरो समवेदना प्रकट गर्न चाहान्छु हाम्रोलागी अवसर र चुनौतिको रुपमा रहेको संघियता र स्थानिय सरकार मार्फत गाउँगाउँमा सिहदरवार,आफ्नो गाउँ आफै बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हामीले पुरा गर्नु पर्ने छ जनताको सवैभन्दा नजिकमा रहेको जनताको सरकार स्थानिय तहलाई अधिकार सम्पन्न बनाउने प्रयास स्वरुप अधिकार श्रोत साधन बजेट उत्तरदायित्व र जवाफ देहिता समेत तल्लो निकायासम्म पुर्याउने प्रयास स्वागत योग्य मान्नुपर्छ ।स्थानिय तहलाई अधिकार सम्मपन्न तथा आत्म निरभर बनाउने प्रयास तथा अभ्यास भैरहेकै अवस्थामा हाल बिश्वब्यापी माहामारीको रुपमा फैलिएको कोरोना भईरस (कोभिड १९) का कारणले देश थलापरेकोछ बिगत लामो समयदेखी हाम्रो देश तथा हाम्रो गाउँपालिकामा पनी लकडाउन भै जनताको दैनिक जिवनमा प्रभाव परि आधारभुत आबश्यकता पुरा हुन नसकिरहेको र बिकास निर्माण लगायतका कामहरु सन्तोषजनक रुपमा संचालन हुन नसकीरहेको यस

असहज परिस्थिका माझमा सिंजा गाउँपालिकाको छैटौं गाउँसभा संचालन गर्नु पर्दा हामीलाई बजेट लगायत अन्य धेरै कुराको अभाव तथा चुनौती भएको महशुस गरिरहेका छौं ।बिगतका बर्षहरुदेखी जनताको माझमा हामिले गरेका सवै बाचाकवोलहरु पनि पुरा हुन नसकेका हुनसक्छन यि बिभिन्न चुनौतिहरुको बावजुद हामिले छैटौं गाउँसभा बाट आगामी आबको निति तथा कार्यक्रम पेश गर्न गईरहेका छौं ।यस कोभिड -१९ बाट सिर्जित असहज परिस्थिति लगायत अन्य चुनौतीहरुको सामना गर्न बिगतको हाम्रो अभ्यास भन्दा फरक खालको बजेट तथा निति कार्यक्रम तयार गर्नु पर्ने भएको यस चुनौतिको घडीमा हाल सृजित असहज परिस्थितिको समना तथा न्यूनिकरण र ब्यवस्थापन गर्नका लागी अहोरात्र खटिएर जनताको सुरक्षित हुन पाउने अधिकार प्रति बफादार रहने सम्पुर्ण जनप्रतिनिधिहरु,राष्टसेवक कर्मचारीहरु,सुरक्षा निकाय , राजनैतिक पार्टीका प्रतिनिधि तथा सरकारी तथा गैह्र सरकारी निकाय सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

उपस्थित माहानुभावहरु,

अब म यस सिंजा गाउँपालिकाको आगामी बर्षको निति तथा कार्यक्रम पेश गर्ने अनुमती चाहान्छु ।

१.हाल बिश्वब्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९)को प्रभाव बाट थलिएको अर्थतन्त्र उकास्न तथा जनताको जिवन स्तरमा सुधार ल्यनका लागी यस गाउँपालिकामा बाँझो रहेको खेतियोग्य जमिनको तथ्यांक संकलन गरी उक्त खनजोत गरी उत्पादनमा बृद्धी गर्न प्रोत्साहित गर्ने ,यस क्षेत्रको माटो सहाउदो कार्यक्रम तथा विकासका गतिविधिहरु संचालन गरी यस गाउँपालिकाका जनताको चरम गरिवी न्युनिकरण गर्न सिंजा गाउँपालिकाको स्थनिय सरकाले बिकट तथा भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्व साधारण जनतालाई विकासका कामहरमा प्रत्यक्ष सहभागी गराई यूवाहरुलाई रोजगार सृजना हुनेगरी समुदायको मागमा आधारित बिकास योजना बनाउने तथा माहामारी र भोकमरी दुवै चुनौति संग सामना गर्न स्थानिय रैथाने बालिहरु उत्पादनलाई प्रोत्साहन गरी उत्पादनमा बृद्धि गरी रोजगारका अवसरहर सृजना गरी हाल बढीरहेको बेरोजगारी लाई कम गर्नेनिति लिईनेछ ।

२.स्थनिय स्तरमा उत्पादित फलफुल तथा अन्य नगदे बालिहरु र जडीबुटी संकलन गरी सुरक्षित भण्डारणका लागी सिंजा भेकलाई समेट्ने गरी प्रदेश तथा संघीय सरकारको साझेदारीमा शित भण्डार तथा जडीबुटी संकलन केन्द्र स्थापना गरी बजार माग बढेको बेलामा भण्डारण गरिएका बस्तुहरु बिक्रिबितरण गरी जनताको आय आर्जनमा टेवा पुर्याउने तथा प्रशोधन केन्द्र स्थापना गर्ने जस्ता बिशेष नितिहरु अबलम्वन गरिनेछ ।
३.कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भर हुनका लागी कृषकहरुलाई सहुलियतपुर्ण ऋण उपलब्ध गराउने ,कृषि सामाग्रीमा अनुदान दिने फलफुलका बिरुवा अनुदानमा बितरण गर्नेमल ,बिउ,किटानासक औषधीको ब्यवस्था गर्ने तथाप्रङ्गारिक मल उत्पादन गरी हाल बिभिन्न बालिहरुमा प्रयोग भैरहेको बिषादी लाई निरुत्साहीत गरी अर्गानिक गाउँपालिकाको रुपमा बिकास गर्ने र कृषि उत्पादनमा बृद्धी गरी जुम्लीको सान,जुम्लीको मानबाट प्रख्यात कलीमार्सी धान लगायत अन्य बालिहरुको उत्पादनमा बृद्धीगरी गाउँगाउँमा सहकारी घरघरमा भकारी ,एकपालिका एक भकारी ,एक वस्ति एक भकारी जस्ता कार्यक्रम अगाडी बढाउदै कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गर्ने निति लिईनेछ ।

४. स्थानिय निकायको निर्वाचन भई जनताको घरदैलोमा स्थानिए सरकार स्थापना भए अनुसार हाल प्रत्येक वस्तीहरमा कच्ची मोटरबाटो पुगिसकेको अवस्थामा उक्त सडकहरुलाई स्तरोन्नती गर्ने ,एक स्थानिय तह बाट अर्को स्थानिय तहसंग जोड्ने सडकहरु,जुम्ला जिल्लाको सदरमुका जोड्ने सडक ,अन्तर जिल्ला कालिकोट ,मुगु जोड्ने सडकलाई स्तर बृधि गर्ने तथा निर्माण कार्यमा निरन्तरता दिने ,केन्द्रिय सरकाकरको निति अनुरुप बिगत बर्षहरु देखिको प्रतिबद्धता अनुसार सडक संजाललाई बिस्तार गर्ने तर्फ पहल गरिने छ साथै गाउँपालिका भित्र भएका काठेपुल हरुलाई संरक्षण गरि मोटरेवल पुल निर्माण तर्फ ध्यान केन्द्रित गरिनेछ जस वाट हाम्रो ब्यापारप्रबर्धन हुनुका साथै बजार ब्यवस्थामा सुधार आई जनताको आधारभुत आबश्यकता हरु पुर्ति हुने बिश्वास गरिएको छ ।यस आबमा सकेसम्म बहु बर्षिय आयोजना तथा गत बर्षहरु देखी क्रमागत रुपमा रहेका अधुरा सडक योजना निर्माणलाई प्राथमिकता दि दै चन्दननाथ नगरपालिका वडा नं ८ जातिभिड देखी सिंजा गाउँपालिका को जोडु,भाडगाउँ,रुगा,काडागाउँ,फुङ्ग्र,बारे,बाँओ,बुर्मी हुदै कनकासुन्दरी गाउँपालिका जोड्ने लेकाली राजमार्ग निर्माण गर्ने निति लिईनेछ ।

५.अबको बिकास अपाङ्ग ,बालिबालिका,महिला तथा दलित मैत्री बनाउनका लागी लक्षित बर्गहरुलाई सशक्तीकरण गर्नेखालका कार्यक्रमहरु संचालन गरि संविधान तथा कानून वमोजिम पाउने हक अधिकार वारे जानकारी गराईने छ। समाजमा भएकोबिभेदको कारणले पुरुष भन्दा महिलाको अधिकार न्यून हुने भएकाले महिलाहरुलाई समाजको मुल धारमा ल्याउने ,घरको निर्णय प्रक्रियमा महत्वपूर्ण भुमिका खेल्ने ,दलित,अपाङ्गहरु प्रतिसमाजमा देखिएकोबिभेदको अवस्थालाई न्यूनिकरण गरी महिला ,दलित ,अपाङ्ग,बालबालिका हरुलाई बिकासको मुल धारमा सहभागी गराईनुका साथै बिकासका हरेक कृयाकलाप हरुमा अपाङ्ग तथा बालमैत्री बनाउने तर्फ पहल गरिने छ ।हाल फेलिएको कोभिड-१९ का कारणले लक्षित बर्गहरुले पाईरहेको सामाजिक सुरक्षा भत्ता जस्ता सेवाहरु बाट कूनै ब्यक्ती छुटेका भए सेवा उपलब्ध गराउने तर्फ पहल गरिने छ ।

६.बिगतका बर्षहरु देखी अभ्यास गरिएको सामाजिक सुरक्षा भत्ता अनलाईन बिधिमा अध्यावधिक गरी बैंकिङ प्रणाली बाट मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्ने प्रक्रियाले पुर्णता पाउन सकेको छैन उक्त प्रकृयालाई पुर्णता दिई बैकिङ प्रणाली बाट मात्र सामाजिक सुरक्षा भत्ता बितरण गर्ने ब्यवस्था मिलाईने छ ।

७.कोभिड-१९का कारणले हाल शैक्षिक संस्थाहरु बन्द भै पठनपाठनमा अवरोध भएको छ यस अवस्थालाई मध्यनजर गर्दै शिक्षाको संरचना गाउँपलिका अन्तरगत आइसकेको हालको अवस्थामा सामुदायि बिध्यालयमा कार्यरत स्थायी शिक्षकहरलाई तालिम लगायतका बिबिध कार्यक्रमहरु स्चालन गरी बिध्यालय शिक्षकहरुलाई बिध्यालयमा नै टिकाईराख्न बिशेष योजना ल्याउनुका साथै बिध्यालय भन्दा बाहिर रहेका बालबालिका हरुलाई बिध्यालय क्षेत्रभित्र ल्याउनका लागी बिध्यालय भर्ना अभियान ,अविभावक हरुलाई जनचेतना मुलक कार्यक्रम गरिने छ।बिद्यालय क्षेत्र बिकास कार्यक्रम ,सबैका लागी शिक्षा ,जिवनप्रयान्त शिक्षा,प्रौढ शिक्षा ,चेलिबेटी शिक्षा ,यूवा शिक्षा तथा बाल शिक्षा जस्ता कार्यक्रमहरु अगाडी बढाउनका साथै स्थानिय भेषभुसा ,भाषा,कला संस्कृतिको जगेर्ना गर्ने उध्यश्यले हाल प्रथमिक तह सम्म खसभाषा पाठ्यक्रम तयार गरी पठन पाठन शुरु गर्न एक अध्यायन अनुसन्धान तथा खसभाषा पाठ्यक्रम बिकास समिति गठन भै अध्यायन कार्य शुरु भै सकेकोले आगामी आब देखी स्थानिय खसभाषामा पठन पाठन शुरु गरिनु का साथै यस क्षेत्रको साक्षरता दर बुद्धि गर्ने तर्फ पहल गरिने छ।

८.सिंजा गाउँपालिकाको ऐतिहासिंक द्दष्ठीले महत्वपुर्ण स्थान भएकाले यस क्षेत्रलाई उत्कृष्ठ पर्यटकीय गन्त्ब्यको रुपमा विकास गर्नका लागी बिगत बर्षहरु देखी प्राथमिकतामा राखिएको गाउँपालिका भित्र रहेका बिभिन्न मठ मन्दिर पाटी पौवाहरुको संरक्षण तथा प्रवर्धन गर्ने ,गाउपालिकाको उपयुक्त ठाउँमा बिमानस्थल बनाउन संघीय तथा प्रदेश सरकारसंग आबश्यक पहल गरी राष्ट्रीय तथा अन्तराष्ट्रीय पर्यटकहरु आउने बातावरण तयार गर्ने , पर्यटकीय मार्गहरुको सुधार गर्ने ,भ्युटावर निर्माण गर्ने ,राष्ट्रीय राजमार्गमा सार्वजनिक सौचालय निर्माण गर्ने,होमस्टे संचालन गर्ने,ब्यवस्थित होटेल तथा उद्योगहरु बृद्धि गर्ने,पर्यटन ब्यवसाय गर्नेब्यक्ती तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने ,सेल्ट हाउस निर्माण गर्ने,पद यात्रीहरुको जानकारिका लागी होडिङ बोर्डहरु राख्नुका साथै यस क्षेत्रको संस्कृतिक तथा स्थानिय कला कृति र ऋतिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागी डकुमेन्ट्रीहरु निर्माण गरी सामाजिक संजालबाट प्रचार प्रसार गर्ने जस्ता कार्यहरु लाई निरन्तरता दिईने छ ।

९.सूचना र संचारको आजको युगमा सिंजा गाउँपालिकाका सवै वडा तथा वस्तिहरुमा सूचना र संचारको विस्तार गरी पहुंच पुर्याउन हाल भै रहेको प्रयासबाट जनताहरुलाई भरपुर लाभ प्राप्त हुन सकिरहेको छैन सवै क्षेत्र तथा बिकट वस्तिहरुमा ईन्टरनेट सेवा विस्तार गरी सूचना र संचारको पहुंच पुर्याउन सम्वन्धित सेवादायी निकायहरु संग समन्य गरी सुचना तथा संचारको पहुच पुर्याउन बिशेष पहल गरिनुका साथै हाल सिंजा क्षेत्रमा संचलन भएको सिंजा एफ एम ९२ .८ मेगाहर्ज बाट प्रसारण भैरहेको सेवामा बिस्तार गर्न आबश्यक सहइगका साथ पहल गरिने छ ।

१०.हाल केही स्थानमा लघुजलबिधुत आयोजनाको सम्भाब्यता अध्ययन भैसकेको र अन्य स्थानमा पनि सम्भाब्यता अध्यायन गरी यस क्षेत्रमा बिगत देखी संचलनमा रहेका लघुजलबिधुत आयोजना,सौर्य बत्ती,बायू उर्जा लगायतका कार्यक्रमलाई निरन्तरता दिदै उर्जा बिकास मन्त्रालय , प्रदेश सरकार , नेपाल बिधुत प्राधिकरण तथा अन्य दातृ निकाय संग समन्वय गरी वातावरण मैत्री उर्जाको प्रयोग मार्फत यस गाउँपालिकालाई समृद्ध बनाउने तर्फ पहल गरी सिंजा गाउँपालिकाका सवै वस्तिहरुलाई उज्यालो वस्थिको रुपमा बिकास गरि हाम्रो सिंजा राम्रो सिंजा बनाउने तर्फ ध्यान केन्द्रित गरिनेछ ।

११.हाल स्वास्थ्य संरचनापनी गाउँपालिका अन्तरगत आइसकेको अवस्थामा गाउँपालिका भित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको स्तर बृद्धी गरी स्वास्थ्यकर्मी हरुलाई टिकाई राख्ने तर्फ आबश्यक वातावरण तयार गरी म स्वस्थ मेरो गाउपालिका स्वस्थ भन्ने भावना तथा हाल बिश्वब्यापी माहामारिको रुपमा फैलिएको कोरोना भाईरसवाट बच्न आफु बच्ने र अरुलाई बचाउनु पर्ने बिषम परिस्थितिमा नेपाल सरकारको नागरीक स्वास्थ्यबिमा कार्यक्रम तथा हाल कोरोना माहामारीका कारणले स्वास्थ्य क्षेत्रमा थप संकट उत्पन्न भएकाले स्वास्थ्यकर्मी हरुलाई स्वस्थ्यबिमा गरिने नेपाल सरकारको नितिलाई प्रोत्साहित गर्दै कोभिड -१९मा स्थानिय तहमा खटिने स्वास्थ्यकर्मी तथा अन्य जनशक्ती हरुलाई स्वास्थ्य सुरक्षा सामाग्री अभाव हुन दिईने छैन साथै गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाई युक्त,बनाउनका साथै बालमृत्युदर ,मातृमृत्युदर घटाउन युवा युवतीहरुलाई यौन तथा एच .आई.भि.एड्स सम्वन्धी चेतनामुलक शिक्षा दिने तथा हाल बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरस रोग लगायत अन्य सरुवा रोग नियन्त्रण सम्वन्धी प्रचास प्रसार गर्न महिला स्वयमसेविका लागायत सवै स्वस्थ्यकर्मी हरुलाई सुरक्षित रहने उपाया सहित परिचालन गरिनेछ ।

१२.हाल यस गाउपालिकामा संचालन भएको बैंकिङसेवा चाहे अनुसार सेवा प्रवाह हुन सकिरहेको छैन बैंकिङ सेवामा प्रभावकारीता ल्याउनका लागी आबश्य पहल गर्नुका साथै नेपाल राष्ट्रबैंकको निति तथा सबै स्थानिय तहमा बितिय संस्था स्थापना गर्ने नेपाल सरकारको घोषणा अनुसार गाउँ स्तरमा बिभिन्न समुह मार्फत बचत गर्ने बानिको विकास गरि पुजि संकलन गरि ऋण परिचलन गरी आम जनाताको जिवन स्तरमा सुधार ल्याउने र यसरी ऋण प्रवाह गर्ने सहकारी हरुलाई गाउँपालिकामा सूचिकृत गरीकर छुट गर्ने नेपाल सरकारको घोषणालाई मुर्तरुप दिईनेछ ।

१३.हाल भैरहेको जलवायु परिवर्तनका कारणले विश्वलाई नै चुनौति दिईरहेको छ यस बाट पर्न जाने असरलाई न्युनिकरण गर्न बृक्षारोपणगर्ने ,बोटबिरुवालाई नास हुनबाट बचाउने,वनक्षेत्र विस्तार गर्ने ,जलवायु अनुकुलित हुने कार्यक्रमहरु संचालन गर्ने ,प्राकृतिक प्रकोपसंग जुध्न सक्ने खालका कार्यक्रम हरु नदि नियन्त्रण ,जलाधार संरक्षण ,फोहोरमैला ब्यवस्थापन,प्रकोप नियन्त्रण जस्ता कृयालाप हरुमा जोड दिंदैजंगलि जिवजन्तुको अबैध चोरि सिकारी तथा पैठारीलाई रोकथाम गर्न सूरक्षा निकायसंग सहकार्यगरि कानूनि दायरामा ल्याईनेछ ।

१४.गाउँपालिका स्तरिय नमुना वस्तिहरुको विकास गर्ने ,सिंजा सभ्यता खस संग्रहालयलाई आबश्यक पर्ने पुरातात्विक सामाग्रीहरु उपलब्ध गराउने ,सिजा रंगशालाको निर्माण कार्यलाई निरन्तरता दिदै एक वडा एक खेलमैदान निर्माण गर्ने अभियान संगै युवा तथा खेलकुद कार्यक्रमलाई जोड दिइने ,जनतासं अध्यक्ष ,महिलासंग उपाध्यक्ष ,जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै निर्माणसंग युवा उत्पादनसंग महिला जोड्ने कार्यक्रमहरुलाई बढवा दिइनेछ ।सामुदायिक वन क्षेत्रमा बृक्षा रोपण गर्ने ,सामुदायिक स्याउ,ओखर लगाउने ,जडीबुटी रोप्ने कार्यक्रम ल्याईनेछ।ब्यवसायिक पशुपंक्षी पालन ब्यवसाय गरी सहकारिमा जोड्ने ,दुग्ध ब्यवसायलाई प्राथमिकता दिने ,जस्ता कार्यक्रमहरु ल्याईनेछ।सडकबाटो निर्माण गर्दा ब्यक्तिको जग्गा परेको ठाउमा लगत कट्टा गर्ने बिगत देखीको नितिलाई कार्यान्वन गरिनेछ ।

१५.हाल कोरोनाभाईरस रोगका करणले जनताको जनजिवन थला परेको छ , देश लकडाउनमा छ जसको कारणबाट जनताका दैनिक क्रियकलापहरमा असर परि एकातिर आयआर्जनमा कमी आएको छ भने अर्कातिर कसरी यो माहामारी संग सामना गर्ने भन्ने जनताको मनमा डर त्रासको स्थिति श्रृजना भएको छ यस बिषम परिस्थितबाट श्रृजित समस्यालाई न्युनिकरण गर्दै यसबाट प्राप्त भएका उपलब्धीहरुको रक्षा गर्ने जस्ता कार्यक्रमहरु अगाडी बढानु पर्नेछ।कोभिड -१९को रोगबाट बच्न तथा न्यूनिकरणका लागी आबश्यकता पहिचान गरी क्वारेन्टाइनब्यवस्थापन लगायत अशक्त ,असहाय,आर्थिक रुपले पछाडी परेका बर्ग ,विपन्न गर्भवती महिला एवं अपांगता भएका ब्यक्तिहरुलाई राहत बितरणको ब्यवस्था गर्नुको साथै स्वास्थ्य सेवा सम्वन्धीका औषधीजन्य सामाग्रीहरुको कमी भएर जनताले दुख पाउने अवस्था आउन दिईनेछैन भन्नेकुरा बिश्वास दिलाउन चाहान्छु। यो जटिल कार्यलाई सफल बनाउन स्थानिय वासिन्दादलित , महिला,बालबालिका,अपांग,समाजकाजेष्ठनागरिक,बुद्धीजिवि,सामाजिक अभियानता,नागरिक समाजका अगुवा,राजनैतिक नेतृत्वहरु,राष्टसेवक कर्मचारीहरु,सुरक्षमकर्मी शिक्षक बिध्याथी लगायत जन निर्वाचित सम्पुर्ण प्रतिनिध ज्युहरुको अहम भुमिका हुनु जररी छ ।यसका लागी सहयोग पुग्ने खालको निति अवलम्वन गरिने छ।

गाउँसभाका सदस्यहरु,अब म यस सम्मानित छैटौं गाउँसभामा आर्थिक बर्ष २०७७।०७८को लागीअनुमानित प्रस्ताव गरिएको बजेट,कार्यक्रम तथा योजना प्रस्तुत गर्न चाहान्छु।

क)आर्थिक बर्ष २०७७।०७८मा सशर्त अनुदान चालु तर्फ रु १५करोड र१२ लाख,

ख)निशर्त अनुदान पुजिगत समानिकरण तर्फ रु९करोड र१९लाख

ग)राजश्व बाँडफाँड तर्फ रु ५ करोड ८५ लाख ७२ हजार

घ)आन्तरिक आम्दानी रु १०लाख

जम्मा रु ३० करोड २६ लाख ७२ हजार अनुमानित बजेटको विनियोजन गरेको छु ।

अन्तमा माथि उल्लेखित बिभिन्न चुनौतिका माझ प्रस्तुत आब २०७७।०७८को निति तथा कार्यक्रमा ब्यापक छलफल गरी पारित गर्नु हुनेछ भन्ने बिश्वास लिएको छु।

धन्यवाद,